# महाकुलुङ गाउपालिका

## स्थानीय राजपत्र

महाकुलुङ गाउपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या ३ चैत्र १० गते २०७८ साल

भाग २

महाकुलुङ गाउपालिका,वुङको सूचना

गाउ कार्यपालिकावाट स्वीकृत मिति २०७८।१२।८

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

**प्रस्तावना:**

समाजमा बढ्दै गइरहेको हिसां निबारणका लागि कोष स्थापना गर्न बाच्छनीय देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी महाकुलुङ गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१.संक्षिप्त नाम प्रारम्भ :** (१) यो कार्यविधिको नाम लैङ्गिक हिसां निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८ रहेको छ ।

(२) ) यो कार्यविधि महाकुलुङ गाउपालिकाको राजपत्रमा प्रकासित भएको मितिवाट प्रारम्भ हुनेछ।

२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

प्रमुख प्रशासकीय अधिकृत

(क)"कार्यलय" भन्नाले महाकुलुङ गाउँपालिका गाउकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिसां निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नले लैङ्गिक हिसांबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) "लैङ्गिक हिसा" भन्नाले कार्यस्थल, सार्वजानिक स्थल, घर परिवारमा हुने यौनजन्य दुर्व्यवहार, कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिसां सम्झनु पर्छ ।

(ङ ) "गाउपालिका" भन्नाले महाकुलुङ गाउ पालिका सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले महाकुलुङ गाउपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

**३. कोषको स्थापना** :(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) महाकुलुङ गाउपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा सस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३ उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोलि जम्मा गरिने छ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रसाशकिय अधिकृत र लेखा प्रमुखको सयुक्त दस्तखतबाट हुनेछ ।

४.कोषमा रकम जम्मा गर्ने : महिलाको हक हित र संरक्षणको लागि गाउँपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकम नघटाइ कोषमा जम्मा गर्नू पर्ने छ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वीउ पुजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनस्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजीमको अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाइ प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिने छ ।

**७.कार्यलयलाई रकम उपलब्ध गराउने** : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिनेछ ।

**८. सञ्चालक समितिको गठन :** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालन समिति रहने छ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउपालिकाको उप-प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) प्रमुख, ईलाका प्रहरि कार्यालय -सदस्य

(ग) गाउसभा सदस्य - (महिला २ जना ) -सदस्य

(घ) लैङ्गिक हिंसा निबारणको क्षेत्रमा कार्यरत स्थानिय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेकाने सस्थाको प्रतिनिधि एक जना -सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य -सचिव

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदाबधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय कार्यलयमा रहनेछ ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. सञ्चाक समितिको काम कर्तब्य र अधिकार** : सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाइ राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको दुरुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानिय तहमा लैङ्गिक हिंसा निबारणको क्षेत्रमा कार्यरत विभिन्न संघ सस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानिय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : (१) यस नियमावली बमोजिम पीडितलाइ राहात तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :

(क) पीडितलाइ तत्काल उद्धार गर्नु पर्ने भएमा सवारीसाधन प्रयोग गर्नु पर्ने भए सार्वजानिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिने,

(ख) पीडितलाइ अस्पताल भर्ना गरी औसधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्न पर्ने भए सार्वजानीक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यबस्था नभइ बाहिर बस्नु परेमा बढिमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार र मनोविमर्सका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यबसाय गर्नको लागी वीउ पुँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागी बढीमा पाचहजार रुपैया,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागी कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनीयम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पिडीतले कार्यलयमा निबेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा सञ्चालन समितिले त्यस्तो पीडितलाई मनासिब रकम थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्रप्त गर्न निबेदन दिनु पर्ने** : (१) यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्रप्त गर्न चाहाने पिडीत वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक ससहयोग पाउनु पर्ने मानसिव कारण खुलाई वडा कार्यलयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालीका शाखामा निवेदन दिनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निबेदन जाचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले नियम (१०) को अधिनमा रहि पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

१२. तत्काल रकम उपलब्ध गराउन सक्ने : (१) यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाइ तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००। (रु. दश हजार मात्र) नबढ्ने गरी मानसिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्ने छ ।

(२) उपदफा १ बमोजिम अबस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरि रकम उपलब्ध गराईए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्ने सक्ने**: (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाइ सञ्चालन समितिले थप रकम माग गर्न सक्ने छ ।

१४. छुट्टै खाता खोल्नु पर्नेः (१) महाकुलुङ गाउपालिकाबाट प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोलि जम्मा गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमख प्रशासकिय अधिकृत र लेखामा काम गर्ने मुख्य कर्मचारीको सयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षण** : (१( कोषको आय व्यायको लेखा प्रचलित कानुन बमोजिम हुने छ ।

(२) कोषको लेखा परिक्षण गाउपालिकाले बनाएको लेखा प्रणली र लेखा परिक्षण बमोजिम हुनेछ ।

१६. **प्रतिवेदन पेश गर्ने** : राहत समितिले प्रत्यक २ महिनामा सो समितिबाट भए गरेका काम कारवाहिको प्रतिबेदन गाउ कार्यपालिकालाइ बुझाउनु पर्नै छ ।

१७. **बैठक भत्ता:** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत गाउकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

१८. **निर्देशन दिन सक्ने** : महाकुलुङ गाउकार्यपालिकाले सञ्चालक समितिको काम कारवाहिको सम्बन्धमा सो समितिलाई आबस्यक निर्देशन दिन सक्नेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत